**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. २९०

पुनरावेदन नं. ०७४-RB-०२१५

**मुद्दाः– बढी भंसार महसुल**

| | |
|---|---|
| श्री अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्स को तर्फबाट अख्तियार प्राप्त प्रोपाईटर का.जि.का.म.न.पा वडा नं. २९ बस्ने अरूण कुमार चौधरी..................................१ | पुनरावेदक |

विरुद्ध

| | |
|---|---|
| वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज,पर्सा........................................................१ | प्रत्यर्थी |

**शुरू निर्णय गर्ने कार्यालय र अधिकारीः**

शुरू निर्णयगर्ने निकायः श्री बीरगंज भन्सार कार्यालय बीरगञ्ज ,पर्सा

शुरू निर्णयगर्ने भन्सार अधिकृतः श्री सेवन्तक पोखरेल

शुरु निर्णय मितिः २०७४।१२।०५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान बरिष्ठ अधिवक्ता श्री सुर्यप्रसाद कोइराला,

:- विद्वान अधिवक्ता श्री शरद प्रसाद कोईराला

:- विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

**अवलम्बित नजिर**: ०७५-RB-०१८७ हंसराज हुलास चन्द एण्ड कम्पनी प्रा.लि. बिरूद्ध बिरगंज भन्सार कार्यालय समेत निर्णय मितिः२०७७।२।१३

बीरगंज भन्सार कार्यालय पर्साबाट भएको मिति २०७४/१२/०५ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन ,२०६४ को दफा ६२(१) बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन २०३१को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको अधिकार क्षेत्र भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः

<u>तथ्य खण्ड</u>

१. भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम पैठारीकर्ताले पैठारी गरेको मालबस्तुको मुल्य घोषणा गर्नु पर्नेमा उपरोक्त प्र.द.नं १२३९४० बाट जाँचपास भएको गाडीको कारोवार मुल्य घोषणा गर्दा भारतीय सरकारी निकायहरुले जारी गरेको ARE-1 Excise Invoice, Bill Of Export मा उल्लेखित वास्तविक प्रमाणित मुल्यलाई विक्रेता Maruti Suzuki India Ltd. ले Invoice मा CNF RAXAUL उल्लेख गरिएको कारणले पैठारीकर्ताले सो विजक मुल्यलाई घटाई भाडा जोडी ARE-1 Excise Invoice, Bill Of Export मा उल्लेखित मुल्य बराबरको बनाई वास्तविक कारोबार मुल्य भन्दा कम मुल्यमा गाडी जाँचपास गरेको र हंसराज हुलास चन्द एण्ड कम्पनी प्रा.लि. को हकमा समेत राजस्व न्यायाधिकरण काठमाण्डौंमा पुनरावेदन परेकोमा भन्सार ऐन २०६४ को दफा ७० अनुसार पैठारीकर्ता अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्सले मिति २०७१।०६।०३ बाट जाँचपास गरी लगेको गाडीमा छुट हुन गएको भाडा बापत नियमानुसार लाग्ने कर महसुल असुल उपर गर्नु पर्ने गरी मिति २०७४।०३।३० मा भएको फैसला समेतबाट पैठारीकर्ताले वास्तविक कारोबार मुल्य भन्दा कम मुल्य घोषणा गरी सोही घटाएको मुल्यमा भाडा जोडी भाडा बापत भा.रु. ४,४९,६८०।- मा लाग्ने कर महसुलहरु छुट हुन गएकोले सो कर महसुलहरु

भन्सार ऐन २०६४ को दफा ७४(१) बमोजिम सम्बन्धित पैठारीकर्ताबाट असुल उपर गर्नु भनी वीरगञ्ज भन्सार कार्यालयबाट मिति २०७४।१२।०५ मा भएको टिप्पणी र आदेश ।

२. त्यस प्रा.लि. ले प्र.द.न.१२३९४० मिति २०७१।०६।०३को प्रज्ञापनपत्र भन्सार ऐन, २०६४ को दफा ७० अनुसार पुनरावलोकन हुदाँ वास्तविक कारोबार मुल्य भन्दा कम मुल्य घोषणा गरी सोही घटाइएको मुल्यमा भाडा जोडी भाडा बापत भा.रु. ४,४९,६८०।- (चार लाख उन्नचास हजार छ सय असी) मा लाग्ने कर महसुलहरु छुट हुन गएको भन्सार ऐन, २०६४ को दफा ७४(१) अनुसार देखिन आएकोले सो रकम असुल उपर गर्ने भनी यस कार्यालयबाट मिति २०७४।१२।०५ मा निर्णय भएकोले कर महसुल रकम जम्मा रू २०,९७,४८३।०० सात दिनभित्र बुझाउनु हुनका साथै सो निर्णय उपर चित्त नबुझे भन्सार ऐन २०६४ को दफा ६२(१) अनुसार सम्मानित राजस्व न्यायाधिकरण काठमाण्डौमा मा पुनरावेदन गर्न सक्ने व्यहोरा समेत जानकारी को लागि अनुरोध छ भन्ने व्यहोराको मिति २०७४।१२।०७ च.नं. ६८५ को वीरगञ्ज भन्सार कार्यालयले पैठारीकर्ता अरुण इन्टर कन्टीनेन्टल ट्रेडर्सलाई लेखेको पत्र।

३. यस कम्पनीले कारोवार मोलमा भाडा समेत समावेश गरी महशुल लगायतका राजस्व दैदस्तुर तिरी कानून बमोजिम जाँचपास गराई मात्र गाडी पैठारी गर्ने गरेको र विपक्षी कार्यालयबाट दोहोरो भाडा असुल गर्ने कु नियतबाट बच्नका निमित्त FOB Guragaon, India मा सामान पैठारी गरि गुरगाउँबाट परेको भाडा तिरेर गाडी ल्याउने गरेकोमा पूर्वमा CNF RAXAUL भनी Commercial Invoice जारी हुने गरेकोले Invoice मा उल्लेखित रकममा भाडा समेत जोडिएको हुन्थ्यो र वर्तमानमा FOB Guragaon भनी उल्लेख भएको Guragaon बाट नेपाल सम्मको भाडा छुट्टै दावी गरिएको हो ।यसरी पुर्व र वर्तमानको पैठारी विचको भिन्नता सुस्पष्ट छदाछदै फेरी थप भाडा असुल उपर गर्ने नियतबाट हाम्रो हकमा आकर्षित नै नहुने मुद्दाको फैसलालाई आधार मानी पूर्वाग्राही तवरले निर्णय भएको हुँदा उक्त निर्णय बदर भागी छ । पुनरावेदक पैठारीकर्ताले कारोबार मोलमा भाडा रकम नजोडेको भन्ने आधारमा असुल उपर गर्न खोजिएको रकमसँग सम्बन्धित प्रज्ञापनपत्र Commercial Invoice लगायतका कागजातबाट CNF विन्दुसम्मको भाडा समाविष्ट रहेको तथ्यको पुष्टि भइरहेको छ र विपक्षी भन्सार कार्यालयले पनि अन्य वस्तुको हकमा आपूर्तिकर्ताको Invoice मा CNF

उल्लेख भएको अवस्थामा CNF विन्दुसम्मको भाडा समावेश रहेको मानी त्यसमा थप भाडा महशुल असुल नगरेको कारणबाट समेत विपक्षीको मिति २०७४।१२।०५ को निर्णय त्रुटीपूर्ण भएकोले सो को आधारमा विपक्षी कार्यालयबाट लेखिएको पत्र आदि सबै स्वतः बदर गरिपाउँ भनी पुनरावेदक अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्सका तर्फबाट यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

४. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजानार्थ प्रत्यर्थी झिकाउने गरी यस न्यायाधिकरणबाट मिति २०७६।०३।२२मा भएको आदेश ।

५. यसमा पुनरावेदक तर्फका कानून व्यवसायी अधिवक्ता श्री ओम कुमार दाहालले प्रस्तुत मुद्दामा बहस नोट पेश गर्नको लागि समय पाउ भनी इजलास समक्ष अनुरोध गर्नु भएको हुँदा १५ दिनको समय दिई बहस नोट पेश गर्न लगाई नियमानुसार गर्नु भन्ने यस न्यायाधिरणको मिति २०७७।०९।१३ को आदेश ।

६. पुनरावेदक कम्पनीले घोषणा गरेको कारोवार मोलमा भाडा समेत समावेश गरी महशुल लगायतका राजस्व दैदस्तुर तिरी कानून बमोजिम जाँचपास गराई मात्र गाडी पैठारी गर्ने गरेको विपक्षी कार्यालयमा रहेको अभिलेखबाट स्थापित रहेको छ। निर्यात कम्पनीद्धारा जारी गरिएको बिजकमा स्पस्ट रूपमा CNF RAXAUL उल्लेख भएको बाट Invoice Value मा भाडा वापतको रकम समाबिष्ट रहेको पृष्टि हुन्छ ।त्यसै गरी भारतीय सरकारी कार्यालयमा बुझाएको AREI फर्ममा भाडा वापतको रकमसमेत जोडी निज कम्पनीबाट जारी commercial invoice लगायतका कागजातबाट CNF बिन्दु सम्मको भाडा समाविष्ट रहेको तथ्यको पृष्टि भई रहेको परिपेक्ष्यमा बिरगन्ज भंसार कार्यालयको निर्णय बदर गरी पाउन यो लिखित बहस नोट पेश गरेको भन्ने व्यहोराको पुनरावेदकको तर्फका कानून व्यवसायी अधिवक्ता द्वय श्री रमण कुमार कर्ण र श्री ओम कुमार दाहालले पेश गर्नु भएको बहस नोट।

## <u>ठहर खण्ड</u>

७. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, शुरु कार्यालयबाट प्राप्त मिसिल समेत अध्ययन गरी

पुनरावेदक अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्सका तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्ता श्री सुर्य प्रसाद कोइराला, अधिवक्ताद्वय श्री शरद प्रसाद कोईराला र श्री रमण कुमार कर्णले पुनरावेदक पैठारीकर्ताले प्र.द.न. १२३९४० बाट पैठारी गरेको commercial invoice को Delivery term मा CNF RAXUAL India basis उल्लेख हुनुको साथै Good Of Receipt मा FREIGHT PREPAID उल्लेख भएबाट भाडा नजोडिएको हो। शुरू भन्सार कार्यालयले आधार लिएको हंसराज हुलास चन्द एण्ड कम्पनी प्रा.लि संग सम्बन्धित मिति २०७४।०३।३० मा राजस्व न्यायाधिकरण बाट भएको फैसला सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।२।१३ मा बदर भईसकेको छ ।त्यसैले शुरू निर्णय कानुन सम्मत नभएको हुँदा बदर गरी पाउ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो ।

८. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतमले पैठारीकर्ताबाट पेश भएको बिजकमा उल्लेख गरिएको मालवस्तुको मुल्य अन्य पैठारीकर्ताले घोषणा गरेको मुल्यभन्दा कम भएको तथा अन्य सूचना प्रणाली एवं स्थानीय मुल्यभन्दा कम भएको कारण निजले घोषणा गरेको मुल्य वास्तविक मुल्य हो भन्ने अवस्था नभएको र सो कुराको प्रमाण समेत पैठारीकर्ताबाट पेश नभएको कारण भंसार कार्यालय बिरगंज बाट मिति २०७४।१२।०५ मा भएको निर्णय कानूनसम्मत रहेकोले सदर कायाम होस भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिर, दुबै तर्फबाट प्रस्तुत बहसका बुँदाहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरु अध्ययन गरी हेर्दा यसमा बिरगञ्ज भन्सार कार्यालयबाट भएको मिति २०७४।१२।०५ को निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग वमोजिम हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, पैठारीकर्ता पुनरावेदक अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्स, काठमाडौले विजक नं ३०७२०२० मिति सन् १८-८-२०१४ को Maruti Suzuki India Ltd.बाट आयात गरी ल्याएको MARUTI OMNI VAN 8 STR 796 CC MFR JUL AUG 2014 गाडी विरगंज भन्सार कार्यालयको प्र.द.नं. १२३९४० मिति २०७१।६।३ बाट जाँचपास भएकोमा विवाद देखिएन । जाँच पास गर्दाका बखत विरगंज भन्सार कार्यालयबाट भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम पैठारीकर्ताले घोषणा गरेको कारोबार

मुल्यलाई नै मान्यता दिइएको र उक्त कारोबार मुल्य शंकास्पद छ भनी मौकामा कुनै प्रश्न उठाइएको देखिदैन ।

११.विपक्षी भन्सार कार्यालयबाट मिति २०७४।१२।५ मा भएको निर्णयमा आयात गरी ल्याएका गाडी जाँचपासको निमित्त Tax Invoice, Bill of Export, Commercial Invoiceलगायतका कागजात पेश भएको, मुल्य निर्धारणको लागि पेश भएका कागजातहरुमा आयात हुन आएको उक्त गाडिको कारोबार मुल्य घोषणा गर्दा भारतीय सरकारले अन्तःशुल्क लगायतका करहरु लिने प्रयोजनको लागि उल्लेख गरिएको आधारभूत Assessable(FoB) Value लाई CNF Value बनाई व्यापारिक विजक जारी गरिएको र सोही मुल्यलाई कारोबार मुल्य घोषणा गरी गाडि जाँचपास गराई लगेको भन्ने तथ्य खुलाई भन्सार ऐन, २०६४ को दफा ७० अनुसार उक्त प्रज्ञापनपत्र पुनरावलोकन गर्दा पैठारीकर्ताले वास्तविक कारोबार मुल्य भन्दा कम मुल्य घोषणा गरी सोही घटाइएको मुल्यमा भाडा जोडी भाडा वापत भारु रु. ४,४९,६८०।- मा लाग्ने कर महसुल छुट हुन गएको भन्सार ऐन २०६४ को दफा ७४(१०) अनुसार देखिन आएकोले भन्सार मुल्य निर्धारण गर्दा छुटहुन गएको भाडावापतको रकम र त्यसमा नियमानुसार लाग्ने कर महसुलहरु समेत जम्मा रु.२०,९७,४८३।- सम्बन्धित पैठारीकर्ताबाट असुल उपर गर्ने भन्ने निर्णय गरेको देखिन्छ।

१२.भन्सार ऐन, २०६४ को दफा ७० को उपदफा (१) मा भन्सार कार्यालयबाट जाँच पास भएको मालबस्तुको प्रज्ञापनपत्र मालबस्तु जाँचपास भएको मितिले चार वर्ष भित्र सम्बन्धित भन्सार अधिकृत वा खटाइएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको र सोही दफाको उपदफा ९२० मा उपदफा ९१० बमोजिम पुनरावलोकन गर्दा असुल गर्नुपर्ने महसुल असुल गर्न छुट भएको देखिएमा त्यस्तो मालबस्तुको धनीबाट त्यसरी छुट भएको महसुल सरकारी बाँकी सरह असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको देखियो।

१३.विरगंज भन्सार कार्यालयको मिति २०७४।१२।५ को निर्णयमा उल्लेख भएको भन्सार ऐन, २०६४ को दफा ७४ को उपदफा ९१० मा यस ऐन वा प्रचलित कानून बमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनुपर्ने महसुल, जरिवाना वा अन्य कुनै रकम कुनै मालबस्तुको मूल्यांकन वा वर्गिकरण गर्दा वा गणितीय भूलबाट अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएमा त्यसरी छुट भएको रकम त्यस्तो भन्सार कार्यालयले निजबाट तुरुन्त असुल उपर गर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

१४.शुरु वीरगंज भन्सार कार्यालयबाट भएको उक्त मिति २०७४।१२।५ को निर्णयमा भन्सार ऐन, २०६४ को उपर्युक्त दफा ७० र ७४ (१) दुवै दफा उल्लेख गरिएको भए

पनि दफा ७२ बमोजिम यी पैठारीकर्ताको उक्त १२३९४० को प्रज्ञापनपत्र पुनरावलोकन गर्न कुनै कर्मचारी खटाएको वा प्रमुख भन्सार अधिकृत आफैले पुनरावलोकन गरेको के हो भन्ने तथ्य मिसिलबाट खुल्न सकेको देखिएन ।ना.सु.बासुदेव प्रसाद पोखरेलले उठाएको टिप्पणी प्रमुख भन्सार अधिकृत सेबन्तक पोखरेलले सदर गरेको निर्णयबाट देखिएको छ । भन्सार ऐन, २०६४ को दफा ७०ले प्रज्ञापनपत्रको पुनरावलोकन गर्ने व्यवस्था गरेको छ भने दफा ७४ ले छुट रकम वा जरिवाना असुल गर्ने व्यवस्था गरेको देखिन्छ। पुनरावेदक पैठारीकर्ताको हकमा शुरु भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा ७० र ७४ (१) दुवै आकर्षित गरेको उक्त निर्णयबाट देखिन आयो ।

१५. अव पुनरावेदक पैठारीकर्ताले प्र.द.नं. १२३९४० बाट पैठारी गरेको गाडि जाँच पासको लागि पेश गरेका Tax Invoice, Bill of Export र Commercial Invoiceलगायतका मिसिल संलग्न कागजात हेर्दा, गाडिकोCommercial Invoice मा रहेको Delivery term CNF RAXUAL India Basis भन्ने उल्लेख हुनुको साथै18.Aug.2014 को Goods of Receiptमा FREIGHT PREPAID उल्लेख भएको देखिंदा विक्रीको सामान बुझाएको विन्दु देखि गन्तव्य भारतको रक्सौल सम्म पुऱ्याउने भाडा लगायतको सबै कर महसुल क्रेताले तिरेको विल (Commercial Invoice) बाट प्रमाणित भइरहेको स्थितिमा पैठारीकर्ताले कारोबार मुल्य घटाइकन महसुल बुझाई गाडी जाँचपास गराई लगेको भन्ने थप प्रमाणित नै भयो भन्ने शुरु निर्णयको आधार सबुद प्रमाणमा आधारित रहेको देखिन आएन ।

१६. जहाँ सम्म हंसराज हुलास चन्द एण्ड कम्पनी प्रा.लि. को तर्फबाट परेको मुद्दामा सम्मानित राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७४।३।३० मा भएको फैसला समेतबाट पैठारीकर्ता अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्स काठमाडौंले प्र.द.नं.१२३९४० मिति २०७१।६।३ बाट जाँचपास गरी लगेको गाडिमा छुट हुन गएको भाडा बापत नियमानुसार लाग्ने कर, महसुलअसुल उपर गर्नुपर्ने स्वतः स्पष्ट हुन आयो भनी शुरु वीरगंज भन्सार कार्यालयले लिएको अन्तिम निर्णयाधार छ, सो सम्बन्धमा हेर्दा उक्त मुद्दामा राजस्व न्यायाधिकरणबाट मिति २०७४।३।३० मा भएको फैसला श्री सर्वोच्च अदालतबाट मिति २०७७।२।१३ मा उल्टी भई पैठारीकर्ताले पेश गरेको मुल्यमा बढी मुल्य निर्धारण गरी सोको आधारमा बढी भन्सार कायम गरी लिएको बढी धरौटी महसुल लगायतको रकम फिर्ता हुने ठहरी फैसला भैसकेको देखिन आयो ।यसरी राजस्व न्यायाधिकरणबाट भएको जुन फैसलालाई आधार लिएर शुरु विरगंज भन्सार कार्यालयले प्रस्तुत मुद्दामा पैठारीकर्ता अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्सबाट रु.२०,९७,४८३ असुल गर्ने निर्णयमा पुगेको हो ।उक्त फैसला श्री सर्वोच्च अदालतबाट उल्टी भई फैसला भएको सन्दर्भमा वीरगंज भन्सार

कार्यालयबाट मिति २०७४।१२।५मा भएको निर्णय समेत कायम रहन सक्ने देखिएन । तसर्थ उक्त निर्णय बदर भई पुनरावेदक पैठारीकर्ताले प्रस्तुत पुनरावेदन पत्र दायर गर्दा धरौटी राखेको रु. २०,९७,४८३।- रकम फिर्ता हुने देखियो ।

१७. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट अरूण इन्टरकन्टिनेन्टल ट्रेडर्सले प्र.द.न.१२३९४०बाट पैठारी गरेको गाडीको Commercial Invoice मा Delivery term :CNF RAXUAL, India Basis र 18-Aug-14 को Goods of Recipt मा FREIGHT PREPAID उल्लेख हुनुको साथै शुरू बीरगंज भन्सार कार्यालयले मिति २०७४।१२।०५ निर्णयको मुख्य आधार बनाएको यस न्यायाधिकरणको नि.न. ६५० पु.न. ९७-०७२-००१३४ भएको हंसराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि. संग सम्बन्धित मुद्दाको मिति २०७४।३।३० को फैसला श्री सर्वोच्च अदालतबाट मिति २०७७।२।१३ मा उल्टी भई बढी भन्सार मुल्य निर्धारण गरेको शुरू निर्णय बदर भएको समेत आधारमा शुरू बीरगंज भन्सार कार्यालयको मिति २०७४।१२।०५ को निर्णय न्यायोचित नदेखिंदा बदर हुने र पुनरावेदकबाट बढी भन्सार महसुल वापत समेत जोडी लिएको धरौटी रकम पुनरावेदकलाई फिर्ता गरिदिनु पर्ने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नु ।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम पैठारीकर्ताले घोषणा गरेको मुल्यमा भाडा वापतको रकम र सो रकममा लाग्ने कर महसुल समेत पैठारीकर्ताबाट असुल गर्ने गरी बिरगंज भन्सार कार्यालयबाट मिति २०७४।१२।०५मा भएको निर्णय बदर हुने ठहर भएकोले पैठारीकर्ता अरुण इन्टरकन्टिनेन्टल टेडर्सले पैठारी गरेको गाडीको छुट हुन गएको भनीएको भाडा वापतको रकम र त्यसमा नियमानुसार लाग्ने कर महसुल समेत जोडी कायाम भएको रकम रू. २०,९७,४८३।-धरौटी राखेको मिसिल संलग्न प्रज्ञापन पत्रको प्रतिबाट देखिंदा सो रकम फिर्ता पाँउ भनी पुनरावेदक पैठारीकर्ताले ऐनको म्याद भित्र निवेदन दिएमा फिर्ता दिनु भनी बिरगंज भन्सार कार्यालयमा लेखी पठाउनू ।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू ।

३. सरोकारवालाले फैसलाको नक्कल माग गरे कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः</u>-

इजलास अधिकृतः श्री खेमकुमारी बस्नेत
फैसला भएको मितिः२०७९।०३।०२।०५
फैसला प्रमाणिकरण गर्ने राजस्व सदस्यः
फैसला प्रमाणिकरण मितिः

राजस्व न्यायाधिकरण काठमाडौं मुकाम ललितपुरको छापः